बैठक मितिः २०७९/१२/२१

बैठक सङ्ख्याः १९

छलफल तथा निर्णयः

१. योजना वर्गीकरणको आधार तथा मापदण्ड, २०७९ स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्न सिफारिस गर्ने।
२. खानेपानी मन्त्रालयबाट प्राप्त राष्ट्रिय खानेपानी, सरसफाई र स्वच्छता नीतिको मस्यौदा उपर आयोगको बैठकमा प्राप्त सुझावहरू समेत समावेश गरी राय/सुझाव पठाउने ।
३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट प्राप्त "राष्ट्रिय स्वास्थ्य वित्त रणनीति २०७९-२०८९" मा आयोगको बैठकमा प्राप्त सुझावहरू समेत समावेश गरी राय सुझाव पठाउने।
४. वन तथा वातावरण मन्त्रालयबाट प्राप्त राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशाला, ललितपुरको अत्याधुनिक हर्वेरियम भवन निर्माण कार्यको लागि वन तथा वातावरण मन्त्रालयको नियमित बजेट सिलिङबाटै व्यवस्थापन गर्ने गरी बहुवर्षीय ठेक्का प्रक्रियामा लैजान बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७७ को दफा ३ को उपदफा (४) बमोजिम स्वीकृति प्रदान गर्ने ।